
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेलडाँडी गाउँपालिका
## कंचनपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेलडाँडी गाउँपालिका

## कंचनपुर

### आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेलडाँडी गाउँपालिका

कंचनपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४२

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू ,

बेलडाँडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कञ्चनपुर ।

१. **कैफियत सहितको राय** – हामीले बेलडाँडी गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ६८ लाख ९१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू २८ लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६१ लाख ९ हजार, नियमित गर्नुपर्ने रु. १३ लाख २७ हजार र पेश्की बाँकी रु. १ करोड ६६ लाख ४४ हजार रहेको छ । यस पालिकाको गत वर्ष सम्म रु. ६ करोड ६३ लाख ३६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ३२ लाख २७ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बेलडाँडी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (**Fraud**) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बेलडाँडी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

बेलडाँडी गाउँपालिका,
कञ्चनपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७५ | ८३ | २६८९१ | ० | ० | ० | ७५ | ८३ | २६८९१ | २८११ | १३२७ | ६१०९ | ० | ० | ७४३६ | १६६४४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कञ्चनपुर | ६६३३६ | ० | ० | ६६३३६ | ० | २६८९१ | ९३२२७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## १ परिचय

**क) पालिकाको परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस बेलडाँडी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, ३६.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा २९,४२८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।२ देखि २०८०।०९।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८०।०९।१० छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. ८३ करोड १२ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

(ज) **लेखापरीक्षणको क्रममा असुली-** अनुगमन भत्ता भुक्तानी भएको रू.३५,५००। असुल भई दाखिला प्रमाण पेश भएको छ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **परामर्श सेवा खरिदको विवरण-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ले परामर्श सेवाको लागत अनुमान तयार गर्ने आधारहरु तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्था छ ।कार्यलायले आ.व.२०७९।८० मा परामर्श सेवा खरिद वापत निम्नानुसार रू.१९,३९,९९८ भुक्तानि गरेको पाईयो।

| क्र.सं. | कार्य विवरण | खर्च रकम |
|---|---|---|
| १ | भु उपयोग योजना निर्माण | ९३९९९८ |
| २ | रिङरोड विस्तृत परियोजना प्रतिबेदन | १०००००० |
| | जम्मा | १९३९९९८। |

डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदनबाट तयार भएका आयोजनाहरु कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ।

३ **वैठक भत्ता -** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद सातको ७.१.१ मा वैठक भत्ताको मापदण्ड सन्दर्भमा कानुन अनुसार गठन भएका समितीहरूको वैठकका लागि मात्र भत्ता प्रदान गर्ने तथा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ। कार्यालयले गठन गरेका विषयगत समितीहरूको विभिन्न समयमा बसेका वैठकमा वैठक भत्ता लिएको देखियो। निर्देशिकाको विपरित हुनेगरि भुक्तानी भएको रकम रू.६९७०० । नियमसम्मत नदेखिएको रू.

| क्र.सं. | भौ.नं.रमिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ६८७-२०८०।०३।१९ | गाउँ शिक्षा समितिका पदाधिकारीहरू तथा आमन्त्रित सदस्यहरूको वैठक भत्ता | ३४८५०। |
| २ | ६८७-२०८०।०३।१९ | | ३४८५०। |
| | जम्मा | | ६९७००। |

| अनियमित भएको | ६९,७०० |
|---|---|

४ **कर्मचारी कल्याण कोष -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुने आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। कर्मचारी कल्याण कोषमा यस वर्ष राजश्व बाँडफाँडवाट कर्मचारी कल्याण कोषमा गत वर्षसम्मको रू.६६३८८८।९१ मौज्दात रहेकोमा यस वर्ष रू ५,००,०००। एकमुष्ट

जम्मा गरी कोषमा रू.११६३८८८। मौज्दात बाँकी रहेको छ। ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरूबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गर्ने व्यवस्था गर्नुपर्दछ।

५ **निजी शिक्षक** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले निजि शिक्षक नियुक्त गरि विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू. २६९६३१९। रकम विद्यालयको खातामा पठाएको छ।कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र राजश्व बाडँफाडबाट खर्च गर्न सकिने प्रावधान रहेकोले यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.सं. | भौ.नं. र मिति | त्रैमासिक | श्रोत | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४४-२०७९।०७।०३ | पहिलो (वडा नं. ३ को) | वित्तीय समानिकरण अनुदान | ३०००००। | ५ जना, १ विद्यालय |
| २ | ५८८-२०८०।०२।२९ | पहिलो (वडा नं. ३ को) | वित्तीय समानिकरण अनुदान | ४०००००। | ३ जना, १ विद्यालय |
| ३ | ७२१-२०८०।०३।२० | वर्षभरि | राजस्व वाडफाँड | १९९६३१९। | ३४ जना,१४ विद्यालय |
| | जम्मा | | | २६९६३१९। | |

६ **पदाधिकारिलाई ईन्धन** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा पालिकाका पदाधिकारिलाई कुनैपनि सवारी साधन उपलब्ध नभएमा यातायात खर्च उपलब्ध गराउनुपर्ने ब्यवस्था छ। गाँउपालिका उपाध्यक्ष शान्ति नाथ लाई मासिक यातायात खर्च बाफत रू.९,०००। भुक्तानी भएकोमा पुर्न वर्षभरि ३१५ लि. डिजेल र पेट्रोल रू. ५३,०५०। को रकम समेत भुक्तानी भएको छ । यसरी पदाधिकारी उपलब्ध गराइएको इन्धन खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५३,०५० |

७ **सवारि साधन भाडा** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सान वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। यस पालिकाले वर्षभरिमा सवारी साधन भाडा वापत रू.१४५३८२। खर्च गरेको छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको एक जना व्यक्ति मात्र कार्यालयको काममा जानु पर्ने अवस्थामा पनि गाडि भाडामा लिई प्रयोग गर्ने गरिएको पाईयो। कार्यालयबाट हुने प्रायजसो कार्यक्रम, तालिम, गोष्ठी आदिको लागि भाडामा लिने परिपाटि

देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययि हुनु पर्ने देखिन्छ। यस सम्वन्धमा केही उदाहरणहरूः

| क्र.सं. | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ५७५-२०८०।०२।२४ | कार्यालय प्रयोजन | ८८२००। |
| २ | ७१९-२०८०।०३।२० | कार्यालय प्रयोजन (उपाध्यक्षको प्रयोजनको लागी) | १७१००। |
| ३ | ४३-२०७९।०७।०३ | कार्यालय प्रयोजन | ४००८२। |
| | जम्मा | | १४५३८२। |

८ **कार्यक्रम सञ्चालन (पालिका चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ उपनियम ७ अनुसार कुनै पनि सेमिनार, गोष्ठि तथा तालिम आयोजना गर्दा त्यस्तो तालिम कार्यक्रमको खर्च सम्बन्धित प्रस्तावना स्वीकृत गराउने तथा उपनियम ८ अनुसार कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेका देहायबमोजिमका कार्यक्रममा प्रस्तावना, कार्यक्रमको लागत अनुमान, सम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात संलग्न नगरी रू.३,७५,३२५। रकम खर्च गरेको छ। प्रस्तावना, लागत अनुमान र सम्पन्न प्रतिवेदन नै तयार नगरी रकम भुक्तानी गरेकोले उक्त खर्च लाई नियम सम्मत मान्न सकिएन। यस्तो खर्चमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.स. | भौ.नं. | कार्यक्रम | संचालक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १४५-२०७९।०९।०४ | शैक्षिक भ्रमण | गणेश मा.वि. | ३५०००। | शैक्षिक भ्रमणको प्रतिवेदन नभएको। |
| २ | १७८-२०७९।०९।१४ | खेलकुद कार्यक्रम | कालिका मन्दिर समिति | ३२७००। | कार्यक्रमको प्रस्तावना, प्रतिवेदन नभएको। |
| ३ | २३२-२०७९।०९।२९ | शैक्षिक भ्रमण | सरस्वती मा.वि. | २००००। | प्रतिवेदन नभएको। |
| ४ | ३३८-२०७९।११।११ | तिजकार्यक्रम | जनजातीयुवाक्लब | ९१९१५। | कार्यक्रमको प्रस्तावना,सम्झौता प्रतिवेदन नभएको। |
| ५ | ३७४-२०७९।११।१६ | माघीमिलनकार्यक्रम | माघिमिलनसमिति | ७३६१५। | कार्यक्रमको प्रस्तावना,सम्झौता प्रतिवेदन नभएको। |
| ६ | ३८१-२०७९।११।१७ | सांस्कृतिक कार्यक्रम संचालन | जनजाती युवा क्लव | ७३०४२। | कार्यक्रमको प्रस्तावना,सम्झौता प्रतिवेदन नभएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ६५४-२०८०।०३।१५ | वडा नं. ३ को विशुमेलाको अवसरमा कार्यक्रम सञ्चालन | न्यु खप्तड युवा क्लव | ४९०५३। | कार्यक्रमको प्रस्तावना,सम्झौता प्रतिवेदन नभएको। |
| | जम्मा | | | ३७५३२५। | |

## ९ विपद व्यवस्थापन तर्फ

९.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थपन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिम समिति गठन गरे पछि समय समयमा वैठक बसि वैठकका निर्णलाई कार्यान्वयन गर्दै समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

९.२ **कार्य योजना-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ ।

१० **औषधी खरिद तथा भण्डारण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तर सो भन्दा वढी मुल्यको खरिद गर्दा प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । साथै पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले यस आर्थिक वर्ष सशर्त चालूबाट रु.१६,२४,०००। र पालिकाबाट रु. ८,७४,०००। गरी जम्मा रु.२४,९८,०००।— बराबरको विभिन्न औषधि तथा औषधीजन्य स्वास्थ्य सामानहरु खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण खरिद गरेका औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,

• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,

• आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य सामानको Manufacture Date, Expiry Date, Batch no, Manufacture Company को नाम र निःशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन ।

• आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम उपभोग अवधिको भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरुको expiry date बिलमा वा लिष्टमा उल्लेख भएको पाइएन ।

• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,

• पालिकाले खरिद गरेका औषधि भण्डार दाखिला गर्नुभन्दा पहिले अनिवार्य रुपमा inspection गरी Inspection report बनाउनुपर्नेमा सो नगरी भण्डार दाखिला गरेको, तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको सबै विवरण खुल्ने गरी अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ ।

## ११ प्रधानमन्त्री रोजगार कार्यक्रम

११.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत् नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा ३२ योजना सञ्चालन गरी यस वर्ष ३५१ जनालाई औसत २४.१७५२ दिनले ८४८५ दिन रोजगारी उपलव्ध गराई रु. ४८,९६,११९।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

११.२ **सम्बन्धित श्रमिकको बैंक खातामा रकम जम्मा नगरेको-** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को उपदफा ५ मा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिले लाभग्राही परिचय पत्र पाउनु पूर्व अनिवार्य रुपमा बैंक खाता खोल्नुपर्ने व्यवस्था छ, साथै सोही निर्देशिकाको दफा २८ मा श्रमिकको ज्याला बैंक खाता मार्फत् भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय बमोजिमका योजनामा सम्बन्धित श्रमिकको बैंक खातामा रकम जम्मा नगरी अर्कै श्रमिकको नाममा भुक्तानी दिएकोमा सम्बन्धित श्रमिकले ज्याला पाए नपाएको सम्बन्धमा एकिन हुन सकिएन । अतः नियम सम्मत नदेखिएको यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ । साथै पालिकाले सम्बन्धित श्रमिकले काम गरे बापत ज्याला रकम प्राप्त गरेको सुनिश्चित हुने आधार समेत पेश गर्नुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | रकम भुक्तानी हुनुपर्ने श्रमिकको नाम | रकम रु. | रकम भुक्तानी भएको श्रमिकको नाम. |
|---|---|---|---|---|
| १. | टेक बहादुर खत्रीको घर देखि टेक बहादुर चौधरीको खेत सम्म बाटो खोल्ने योजना, बेलडाँडी-३ | टिकाराम खत्री (२१ दिन) | ११,९९६ | सरिता बस्नेत |
| | | पदमा खत्री (२१ दिन) | ११,९९६ | माधुरी चौधरी |
| २. | श्री त्रीशुली आधारभुत विद्यालयको भवन प्लाष्टर तथा खेलकुद फिल्ड निर्माण योजना, बेलडाँडी-२ | सुहागा राना (१७ दिन) | ९,७११ | ललिता राना |
| | | सुशिला टमट्टा (१६ दिन) | ९,१४० | मधोवर राना |
| ३. | प्राथामिक स्वास्थ्य केन्द्रको मर्मत योजना बेलडाँडी-२ | जयन्ती जेठारा (१३ दिन) | ७,४२६ | गिता देवी नगाल |
| ४. | इमिलिया गन्धानाला ड्रेन सफाई योजना, बेलडाँडी-४ | लोक बहादुर सुनार (४९ दिन) | २७,९९० | कमल खत्री |
| ५. | गणेश मा.वि. पुरानो भवन तोडफोड योजना, बेलडाँडी-५ | सिताराम डगौरा (४५ दिन) | २५,७०५ | गोमा देवी ऐरी |
| | | उमेश राना (४५ दिन) | २५,७०५ | धुमनी राना |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२९,६६९ |

१२ **सेनिटरी प्याड -** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १३७९ जना रहेका छन। पालिकाले मणिलेक मेडीसिन डिस्ट्रीब्युटर्सबाट २७,५८० प्याकेट सेनिटरी प्याड रु. १३,७४,५१८।- (मु.अ.कर समेत) मा खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याड सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को अनुसूची-१ उल्लेख गरिए बमोजिमको गुणस्तरको भए नभएको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले गत विगतको खपतलाई आधार मानी उचित परिमाणमा खरिद गर्नुपर्नेमा बढी स्यानीटरी प्याड खरिद गरि मौज्दातमा राखेको देखिन्छ खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन । तसर्थ, पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

१३ **कृषि औजार तथा बीउ बिजन वितरणमा अनुदान -** पालिकाले आ.व. २०७९।८० मा गहुँ बाली प्रबर्द्धन कार्यक्रम, धानबाली पकेट विकास कार्यक्रम, तरकारी बाली विकास कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरुमा पचास प्रतिशत

अनुदान अन्तर्गत विभिन्न मितिमा रु.६,६०,०००।- बराबरको ६ थान पावर टिलर (22HP), रु.२,३३,००० बराबरको २६ थान प्लाष्टिक टनेल, रु.९६,०००।— बराबरको ६ थान मोटर(2HP), रु.७५,०००।— बराबरको १५ थान स्प्रे टंकी, रु.५५,०००।— बराबरको १ थान रिपर, रु.८,९४,९५०।-, बराबरको २५,५७० के.जि. गहुँको बीउ, रु.४,९८,८००।- बराबरको १३८८० के.जि. धानको बीउ समेत विभिन्न कृषक समुह तथा फर्मलाई भुक्तानी गरेको पाईयो । स्थानीय तहले अनुदान वितरणका लागि कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको देखिएन । वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको, एकै समूह तथा फर्मले पटक-पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन । पालिकाले वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको देखिएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१४ **स्वास्थ्य कार्यक्रम सञ्चालन** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने लगायतका कमजोरीहरु गरेको देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैंन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमोजर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रेकडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सबै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ।

१५ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ वटा बर्थिङ सेन्टरमा गत वर्ष ३०० थानको प्रतिथान रु. ८९०।-(कर सहित) दरले र यस वर्ष ३०० थान को प्रतिथानको रु. ८९०।-(कर सहित) दरले खरिद गरेकोमा गत वर्ष २६७ जना र यस वर्ष २१५ जना गरी ४८२ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ११८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको

देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आँकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

१६ **लघु उद्यम विकास कार्यक्रम**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व. २०७९।८० मा स्वीटर बनाउने, गलबन्दी बनाउने, साबुन बनाउने, बाख्रा पालन र ब्यूटीपार्लर लगायतका तालिम ८० जनालाई प्रदान गरी रु.१०,३०,०००।- र प्रविधि हस्तान्तरण तर्फ साबुन बनाउने मिक्चर, बुनाइ मेसिन, घाँस काट्ने मेसिन ३ वटा समूहलाई हस्तान्तरण गरी रु. ४,३५,०००।- गरी जम्मा रु. १४,६५,०००।- खर्च गरेको पाईयो । यसरी प्रदान गरिएका उद्यमशीलता तालिम तथा हस्तान्तरित प्रविधिको पहुँच पश्चात के कति व्यक्तिहरु लघु उद्यमी भई निजहरुको जीवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विषेश ध्यान दिनुपर्दछ । उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची-३ मा कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास(मेड) मोडेल अनुरुपका क्रियाकलापहरुमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष लघु उद्यम कार्यक्रम संचालनार्थ कुल रु. २९,००,०००।- खर्च भएको पालिकाले प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र आंशिक रुपमा मात्र रही कार्यक्रम सञ्चालन गरेको पाईयो । अतः कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार गर्न ध्यान दिनुपर्दछ ।

१७ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत् गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले लक्ष्मी सनराइज बैंक, कृषि विकास बैंक, कुमारी बैंक र एनआइसी एशिया बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।यस आर्थिक वर्षमा पालिकाले एन एम बी बैङ्क मार्फत् सामाजिक सुरक्षा भत्ता बापत् रु. ८,८७,११,८९७।—वितरण गरिएको देखिन्छ । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रु. ८,८७,२०,६७५।— मध्ये सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम रु. ८,७७८।— र पुरानो मृत्यूदावीको फिर्ता रु. १,८५,७९०।- समेत गरी जम्मा रु. १,९४,५६८।- सङ्घीय सञ्चित कोषमा दाखिला भएको देखिन्छ । सामाजिक सुरक्षा नियमावली, २०७६ नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्छ ।

**निष्कृय खाताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा कार्यविधि अनुसार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता उल्लिखित बैंकहरु

मार्फत् भुक्तानी गरेको र बैंकबाट हालसम्म निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकाले उपलब्ध गराएको छैन । पालिकाले बैंकहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची-११ बमोजिम निष्क्रिय (डोरम्याट) खाताको विवरण प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा छानविन गरी लाभग्राही भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा त्यस्ता लाभग्राहीको खातामा रहेको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**केवाइसी अपडेट-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने व्यवस्था छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निष्क्रिय छन् सो को विवरण उपलब्ध गराएको देखिएन, जसबाट खर्च रकम सबै लाभग्राहीले बुझेनबुझेको एकिन हुन सकिदैंन । अतः बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

## १८ शिक्षा तर्फ

१८.१ **विद्यार्थी संख्याको सत्यापन-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ । यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ । विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ । यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ । पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

१८.२ **दिवा खाजा -** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकाले शसर्त अनुदानबाट कुल १४ विद्यालयका लागि दिवा खाजा बापत रु. ४९,८४,०००।- विद्यालयको खातामा रकम निकासा गरेको पाइयो । दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

१८.३ **निःशुल्क पाठ्यपुस्तक अनुदान-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० कार्यक्रम कार्यान्वयन प्रक्रियाको क्रियाकलाप नं. २.४.६.१ को बुँदा नं. ५ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ कक्षा सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान बापत् कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पाठ्यपुस्तक वितरण बापत् १७ विद्यालयलाई पहिलो किस्तामा रु. १९,२६,२६१।- र दोस्रो किस्तामा रु. ७,९९,१३६।- गरी जम्मा रु. २७,२६,१३६।— निकासा गरेको छ । विद्यालयले नयाँ पाठ्यपुस्तक तोकिएको दरमा खरिद गरी समयमै सम्बन्धित विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउनुपर्दछ ।

---

१८.४ **विद्यालयको अनुगमन नियमन-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार नगरेको अनुगमन नियमन प्रभावकारी हुन सकेको छैन । जसवाट विद्यालयले प्रदान गरेको शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन भएको छ भन्ने अबस्था नरहेकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

---

१८.५ **छात्रवृत्ति** - आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को २.८.४ को क्रियाकलाप नं. ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति(आवासीय तथा गैर आवासीय) उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमुन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कक्षा १ देखि कक्षा ८ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई यो वर्ष छात्रवृत्ति को लागि रू.६,९६,०००।- रकम निकासा गरेको छ । अनुदान निकासा गरेकोमा छात्रवृत्ति वितरणको निर्णय, विद्यार्थीको नामनामेसी सहितको विवरण एवं अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन । अतः तोकिए अनुसार छात्रवृत्ति वितरण भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरी रकम सदुपयोगको सुनिश्चिता हुनुपर्दछ ।

---

१८.६ शिक्षक दरबन्दी र पदपूर्ति- स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । सबै विद्यालयमा तोकिए अनुसार शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १४ | ९२ | ९२ | १ | ४०२३ | १:४३ |

---

१८.७ **शिक्षक विद्यार्थी अनुपात-** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयहरुको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रहरुमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत रहेका १४ सामुदायिक विद्यालयहरुमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार ४०२३ विद्यार्थीहरु अध्ययनरत छन् र शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छः

| सि.नं. | विद्यालयको नाम | शिक्षकदरबन्दी | पदपूर्ति | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थीअनुपात |
|---|---|---|---|---|---|
| १ | श्री सिद्धनाथ मा.वि. चौफेरी | ८ | ८ | ४४० | १:५५ |
| २ | श्री गणेश मा.वि. भुर्षा | १४ | १४ | ३६१ | १:२५ |
| ३ | श्री बैजनाथ मा.वि. झिल्मिला | ९ | ९ | ३५० | १:३८ |
| ४ | श्री सिद्धनाथ आ.वि. सिद्धचोक | ३ | ३ | १४० | १:४६ |
| ५ | श्री रौलेश्वर मा.वि. बेलडाँडी | १४ | १४ | ५५७ | १:३९ |
| ६ | श्री कञ्चन आ.वि. चन्दनवस्ती | २ | २ | ८४ | १:४२ |
| ७ | श्री सरस्वती जनता मा.वि. बैवाह | १२ | १२ | ६१४ | १:५१ |
| ८ | श्री कालिका आवि झिल्मिला | ३ | ३ | ७५ | १:२५ |
| ९ | श्री राधाकृष्ण जनप्रिय आ.वि. बैबाह | ३ | ३ | १९२ | १:६४ |
| १० | श्री कालिका आ.वि. चन्दनबस्ती | ३ | ३ | १७९ | १:५९ |
| ११ | श्री त्रिशुली आ.वि. चवन्नी | ३ | ३ | ११० | १:३६ |
| १२ | श्री सरस्वती मा.वि. झरनासागर | १० | १० | ४६६ | १:४६ |
| १३ | श्री सिंहपाल आ.वि. चन्दनवस्ती | ७ | ७ | २१५ | १:३० |
| १४ | श्री रौलेश्वरी आ.वि. ढकनियाँ | १ | १ | २४० | १:२४० |

यस गाउँपालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १ः२५ देखि १ः२४० सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

१८.८ **शैक्षिक गुणस्तर** -सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

## १९ ठेक्का व्यवस्थापन

१९.१ **कार्य संचालन नभएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ माआपुर्तिकर्ता निर्माण ब्यावसायी, सेवा प्रदायक वा निर्माण ब्यावसायीको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई समझौता रकमको दश प्रतिशत नबढने गरी साधारणतया प्रति दिन ०.०५ प्रतिशत पूर्व निधारित क्षति पुर्त दिनु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक वर्ष २०७९।८०मा ठेक्का न ५ को खैराघाट देखि बेलडाडी बजार जोडने सडक आर सि सि को लागी सुचाना निष्काशन गरी ले रू २,७८,८८,३५३।७२ कबोल गरी मिति २०८०।३।१० भित्र सम्पन्न गर्ने गरी इम्पेरियल महत्तो /चेतना जे भि.सँग सम्झौता गरेको देखिन्छ । लेखापरीणको क्रममा कार्यालयको उक्त कार्यको बिवरण माग गर्दा आर्थिक वर्ष २०७९।८० मा निर्माण ब्यावसायीले कुनै कार्य संचालन गरेको समेत देखिएन . । यसरी सम्झौता गरी सम्झौता अनुसार कार्य समयमा सम्पन्न नगरेको नियमसंगत देखिएन । अतः कार्यालयले नियमावलीमा भएको पूर्व निधारित क्षति पुर्ति ब्यवस्था कार्यान्वयन गरी ठेक्का कार्य सम्पन्न गराउनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,४८,००० |

१९.२ **म्याद समाप्त भएको पेश्की** - सार्वजिक खरिद नयमावली २०६४को नियम ११३को ६मा आपुर्तिकर्ता, निर्माण ब्यावसायी वा सेवा प्रदायकले खरिद सम्झौता बमोजिम काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधि भित्र सम्पादन नगरेका कारण यस नियम बमोजिमको पेश्की फ्रछयौट हुन नसकेमा सार्वजनिक निकायले उप नियम (३) बमोजिम बैक जमानतको रकम सम्बन्धित बैकबाट पाप्त गरी पेश्की फ्रछयौट गर्नु पर्नेछ र निजबाट पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक वर्ष २०७९।८०मा ठेक्का न ५ को खैराघाट देखि बेलडाडी बजार जोडने सडक आर सि सि को लागी सुचाना निष्काशन भएकोमा रू २,७८,८८,३५३।७२ कबोल गरी मिति २०८०।३।१० भित्र सम्पन्न गर्ने गरी इम्पेरियल महत्तो /चेतना जे भि.सँग सम्झौता भई रू २४,४८०००।००पेश्की

दिएको देखिन्छ ।निर्माण ब्यावसायीले सम्झौता अनुसार कार्य संचालन गरी कार्य सम्पन्न गरेको देखिएन । यसरी कामको लागी पेश्की लिने कार्य नगर्ने कार्य नियमसंगत देखिएन । अत कार्यालयले नियमावलीको प्रक्रिया पुरा गरी पेश्की असुल गर्नु पर्ने देखिएको रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,४८,००० |

१९.३ **नन फाईलरलाई मु अ कर भुक्तानी** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको नन फाईलर फर्मलाई रु ६,१९,४३३।०० मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत निम्न समयदेखि नन फाईलर रहेको देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने, रु.

| गो. भौ.न र मिति | पार्टीको नाम | कामको नाम | नोन फाईलर मिती | मु अ कर रकम |
|---|---|---|---|---|
| ६।२०८०।३।८ | गौरी भवानी कन्संटक्शन | सडक तथा पुल निर्माण | २०८०बैशाख | २३०२४५.।०० |
| २०३।२०८०।३।२४ | क्रिष निर्माण सेवा | नाथ चौराह सडक | २०७९ मंशिर | ३७७६७।०० |
| १२७।२०८०।२।१७ | क्रिष निर्माण सेवा | सिहपाल स्कुलदेखि सडक निर्माण | २०७९ मंशिर | ५६६६३।०० |
| १९।२०७९।९।२६ | क्रिष निर्माण सेवा | वडा न५ सडक निर्माण | २०७९ मंशिर | ७८५३२।०० |
| १४७।२०८०।३।१ | रक्षा कन्स्टक्शन | चौधरीको घरदेखि सडक निर्माण | २०८० बैशाख | ४८३०६।०० |
| १२८।२०८०।२।१७ | रक्षा कन्स्टक्शन | भुपेन्द्र शाको घरदेखि सडक निर्माण | २०८० बैशाख | ४१०७०।०० |
| ९९।२०८० १।१२ | रक्षा कन्स्टक्शन | भुपेन्द्र शाको घरदेखि सडक निर्माण | २०८० बैशाख | ९०६००।०० |
| २।२०७९।६।१२ | राज टेड्रस एणंड सप्लार्स | सि सि क्यामारा खरिद | २०७८बाट | ३६२५०।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१९,४३३ |

१९.४ **सक्कल बिल पेश नभएको-** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निर्माण कार्यको प्राबिधिक बिल अनुसार भौचर न ६ ।२०८०।३।२२बाट चन्द्रतारा निर्माण सेवालाई रू १७,५९,४७८।०० भुक्तानी दिएको देखिन्छ भने ब्यावसायीले उक्त भुक्तानी दिएको रकमको सक्कल कर बिजक पेश गरेको देखिएन, । अत कार्यालयले निजले कर बिजक जारी गरेको भए कार्यालयले भुक्तानी भएको रकम रू २,०२,४१७।०० को मु अ कर समायोजन प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०२,४१७ |

१९.५ **पेश्की बैंक जमानत अवधि-** सार्वजनिक खरिद नियमावली २०६४को नियम ११३को ३ बमोजिम पेश्की बैक जमानत अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फ्रछ्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने ब्यवस्था छ । यस कार्यालयबाट निम्न निर्माण कार्यको खरिद सम्झौता भएकोमा निमाण कार्य सम्पन्न नभएको र पेश्कीको जमानत अवधि निम्न मितिबाट समाप्त भएको देखिएकोले कार्यालयले खरिद नियमावली बमोजिम पेश्कीको म्याद थप गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| योजनाको नाम | ठेक्का न फर्मको नाम | जमानत जारी गर्ने बैंक | जमानत अवधि | जमानत रकम |
|---|---|---|---|---|
| १५ सैया अस्पताल निर्माण | १७।२०७८।७९ बंगलामुखी बैजनाथ जे भि | ग्लोबल आइ एम ई बैंक | २०८०।७।३० | १५०००००।०० |
| खैराघाट देखि बेलडाडी बजार आर सि सि | १६।२०७९।८० नेपाल आदर्श निर्माण सेवा | नोबेल बैंक | २०८०।३।३० | ४९००००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,९०,००० |

१९.६ **नबिकरणीय उर्जा**ःनबिकरणीय उर्जा नया जडानको लागि संघीय सशर्त अनुदानबाट रू ९९३००००।०० निकासा भएकोमा पालिकाले पुराना गोवर ग्यास मर्मत भनी खर्च लेखेको देखिन्छ । यसरी संघिय कार्यालयबाट नबिकरणीय उर्जा बढाउनको लागि दिएको अनुदान उर्जा बढाउने कार्यमा प्रयोग नगरी पुरानै सुबिधा लिई राखेकाहरूलाई सुबिधा उपलब्ध गराई मर्मत कार्य भनी १८२ जनाको गोवर ग्यास मर्मत गरेको भनी खर्च लेखेको नियम संगत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | ९,९३,००० |

२० **उपभोक्ता समितिको काम**

२०.१ **उपभोक्ताको काम-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रू १,७८,५५,६००।०० मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन ।

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | सरस्वती मा बि ४ कोठे भवन निर्माण | भवन निर्माण | ४४७९६२२।०० |
| २ | रौलेश्वर मा बि ४ कोठे भवन निर्माण | भवन निर्माण | ४००७७३३।०० |
| ३ | इमिलिया पिपल चौतारादेखि गणेश मा बि जाने बाटो नि .उ. स. | ग्राबेल निर्माण | ३८३२१६।०० |
| ४ | बेलडाडी गा पा वडा न ३ सडक बत्ती जडान उ. स | सडक बत्ती | ८६६५५४।०० |
| ५ | सरस्वती मा बि भवन निर्माण उ. स. | भवन निर्माण | ५७९०३८।०० |
| ६ | मेनरोड सगगुनारायणको घर हुदै बाटो नि. उ. स. | सडक ग्राबेल | ४६४०१९।०० |
| ७ | शिव मन्दिरको अधुरो भवन निर्माण उ. स. | भवन निर्माण | ४७१८९७।०० |
| ८ | गणेश मा बि को भवन र गेट निर्माण उ. स. | गेट निर्माण | ५७७४२८।०० |

२०.२ **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

२०.३ **अनुगमन स समिक्षा नभएको** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।

---

२०.४ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | प्रगति एकता समाजको भवन निर्माण | उपभोक्ता समिति | ३७८४८७।०० |
| २ | सिमलगढी पुलदेखि वलराम टोल सम्म सडक ग्राबेल | ममता कन्स्टकशन सर्बिस | २७८५८३०४।०० |
| ३ | हुलाकी सडक जित बहादुरको घरदेखि सडक कालोपत्रे | चन्द्र तारा निर्माण सेवा | १७५९४७८।०० |
| ४ | झिलमिया सिचाइ घरदेखि बाटो निर्माण | ममता कन्स्टक्शन | ८२५५२०।०० |
| ५ | शिवनगर पुल हुदै सडक आर सि सि | चन्द्र शेखर डिजाइन एणड कन्स्टकशन | ४६६२००२।०० |
| ६ | सिदार्थ मा बि सुतिया नाला सडक निर्माण | डागेश्वरी निर्माण सेवा | ६३७१९४।०० |

---

२०.५ **अन्य कार्यालयको खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम पालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । यस पालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले निमार्ण गरी भुक्तानी गरेको नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमाको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्म छन ।

| भौचर न | कामको बिवरण | रकम |
|---|---|---|
| ६।२०७९।६।१२३ | इलाका प्रहरीकार्यालयलाई मोटर साइकल खरिद | २८२९००।०० |
| ३०।२०७९।९।२६ | इलाका प्रहरीकार्यालयको गाडी मर्मत | १९७८४७।०० |

२०.६ **नापी किताव-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक वर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

२०.७ **जनश्रमदानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको असूल गर्नु पर्ने देखिएको रू

| गो.भौ.नं. | उपभोक्तासमिति र काम | मुल्याङन रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटीअनुपातिक कट्टीरकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| ५९।२०७९। १२।१२ | बैजनाथ मा बि देखि सिरट्टी सम्म सडक ग्राबेल उ स | ३७२८९५ | ३७२८९ | ३३९५० | ३३३९.।०० | |
| १५४।२०८०। ३।७ | सरस्वती मा बि भवन निर्माण उ स | ६३७२९० | ६३७२९ | ५८२५३ | ५४७६।०० | |
| १५५।२०८०। ३।७ | इमिलिया शिव मन्दिर पर्खाल नि. उ. स. | २६५९५२ | २६५९५ | २४३४५ | २२५०।०० | |
| १६०।२०८०। ३।७ | शिव मन्दिरको धुरो भवन निर्माण उ. स. | ५२०८२७ | ५२०८२ | ४९३९५ | ३१५२।०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७०।२०८०।३।१९ | गणेश मा बि भुक्ता अधुरो पर्खाल गेट नि. उ. स | ६३५७६५ | ६३५७६ | ५८३३७ | ५२३९।०० | |
| १७८।२०८०।३।२१ | इमिलिया पिपल चौतारा देखि गणेश मा बि बाटो जोडने उ. स. | ४२२०१६ | ४२२०१ | ३८७९९ | ३४०१।०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,८५७ |

२०.८ जटिल प्रकृतिको कार्य उपभोक्ता मार्फत गराएकोः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ को (क) मा सार्वजिनक निकाय प्रमुखले कुनै माल समान वा सेवा खरिद गर्न अघि ऐनको दफा ४ बमोजिम स्पेशिफिकेशन योजना नक्शा डिजाइन बिशेष आवश्यक्ता वा अन्य बिवरण तयार गरी ऐनको दफा ८ बमोजिम बिधि एकिन गर्नु पर्ने ब्यवस्था छ ।यस पालिका कार्यालयले निम्न कार्यमा उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिबाट गराएको देखिन्छ । खरिद नियमावलीमा उल्लेख भएका बमोजिमका कार्यमा मात्र उपभोक्ता समितिलाई दिनु पर्नेमा उपभोक्ताले गर्न नसक्ने प्रकृतीका कार्य उपभोक्ता समितिबाट गराएको देखिएकाले खरिद गरिएका सामग्रीहरू गुणस्तर परिक्षण समेत गरेको देखिएन ।यसरी खरिद र निर्माण गरेका कार्यका समान कसले संचालनमा ल्याउने कस्को स्वामित्वमा रहने जस्ता ब्यहोरा समेत उल्लेख गरेको देखिएन । अत पालिका कार्यालयले यस्ता कार्य गर्न नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।

| सिन | योजनाकोनाम | गोभौनरमिति | रकम |
|---|---|---|---|
| १ | बेलडाडी वडा न ३ सडक बत्ति जडान | २०८०।३।१५ | ८६६५५४।०० |

## २१ सशर्त पूँजीगत

२१.१ **विद्यालय भौतिक पूर्वाधार निर्माण-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।११।२१ च.नं. ६५ को निर्देशनको बुँदा नं. ४ र ५ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उक्त तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान तयार गरी भवन निर्माण गरेको अभिलेख राखेको देखिएन । यसरी निर्देशनको पालना नगरी गरेको कार्य नियमसंगत हो भन्न सकिएन । अतः कार्यालयले निर्देशनको पालना गरी भवन निर्माण गर्नु पर्दछ ।

| सि. न | बिधालयको नाम | कामको व्यहोरा | रकम |
|---|---|---|---|
| १ | सरस्वती मा. बि . | ४ कोठे भवन निर्माण | ४४,७९,२४६।०० |

| | | | |
|---|---|---|---|
| २ | सिहपाल आ. बि. | २ कोठे भवन निर्माण | २१,९८,२६१।०० |
| ३ | रौलेश्वर मा .बि. | ४ कोठे भवन निर्माण | ४०,०७,७३३।०० |

२१.२ **अनुदान ब्यवस्थापन-** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७८।७९ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| सि.न. | बिद्यालयको नाम | कार्यक्रमको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|
| १ | रौलेश्वर आ बि | IT ल्याब स्थापना | ६५००००।०० | जिन्सी खाता दाखिला नभएको |
| २ | शैलेश्वर मा बि | IT ल्याब स्थापना | ६५००००।०० | जिन्सी खाता दाखिला नभएको |

२१.३ **मु. अ. कर बिजक बेगर भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न बिधालय भवन तथा अन्य भवन निर्माण उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू. ९४,३६०।०० नियमसंगत देखिएन । अतः कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी संघीय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम |
|---|---|---|---|---|---|
| ४०।२०८०।२।१४ | सरस्वती मा बि ४ कोठे भवन निर्माण | ७९८४केजी डंण्डीको रू ११७१६३९को | १३४७९० | ६८०१४ | ६६७७६ |
| ५४।२०८०।३।२१ | सिहपाल आ बि २ कोठे भवन निर्माण | केजी डंण्डीको रू ६६०१४५को | ७५९४५ | ५१७३७ | २४२०८।०० |
| ६३।२०८०।३।२४ | रौलेश्वर मा बि ४ कोठे भवन निर्माण | केजी डंण्डीको रू ११८६३१२को | १३६४७८ | १३३१०१ | ३३७६।०० |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ९४,३६० |

२२ **राजस्व आन्तरिक नियन्त्रण**

२२.१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७५,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ५4,५७,१९८.७९ ।- अर्थात् अनुमान भन्दा २७.२३ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । आन्तरिक आयमा प्राप्त आय र प्राप्त हुनुपर्ने आय सम्बन्धमा कार्यालयले समेत परिमाण भिडान गरेको पाईएन। साथै राखुपर्ने मलेप फारमहरु समेत पूर्ण रुपमा प्रयोग गरेको पाईएन। तसर्थ प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन भिडान गर्न सक्ने अवस्था छैन्। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउदै कार्यालयले आम्दानीका सबै स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक छ ।

२२.२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २०७८५०२५३.१७ | ५४५७१९८.७९ | २.६२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.६२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२.३ **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १२५०००० | ११३१२६८.८६ | ९०.५० |

| | | | |
|---|---|---|---|
| घरजग्गा वहाल कर | ५००००० | ४४९१२३.५८ | ८९.८२ |
| व्यवसाय कर | ११५७४०० | ११५७४९६ | १०० |
| वहाल विरौटी कर | १३००००० | ४४७६०० | ३४.४३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

---

२२.४ **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ११,५७,४९६।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

---

२२.५ **राजश्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम कारबाही कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकामा वडाको राजश्व दाखिला ढिलो भएकोले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको/गर्न लगाएको छैन । ढिलो दाखिला रकममा पालिकाले जरिवाना एकिन गरी असुल गरेको समेत देखिएन । अतः पालिकाले असुली आम्दानी रकम समयमा दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई जरिवाना सहित असुल गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

---

२३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. १,८६,०३,८९९।- बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रु. १,६६,३७,६३२।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| सि. नं. | पेश्की लिएको मिति | गो.भौ. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | व्यक्तिगत | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७९/०८/२६ | ११५ | अन्य सेवा शुल्क | अध्यक्ष हरिश चन्द्र राना | २२४१९ | ० | ५०००० | ५०००० |
| २ | २०७९/०७/१६ | ५२ | अन्य सेवा शुल्क | का.स. श्री प्रकाश बहादुर विष्ट | २२४१९ | ० | २०००० | २०००० |
| ३ | २०७९/११/०४ | ३२४ | पानी तथा बिजुली | लेखापाल श्री सन्तोष जोशी | २२५२२ | ० | ४६९१९ | ४६९१९ |
| ४ | २०७९/१२/२१ | ४४० | सञ्चार महसुल | सूचना प्रविधि अधिकृत श्री सन्तोष प्रसाद उपाध्याय | २२११२ | ० | ४८००० | ४८००० |
| ५ | २०८०/०१/०३ | ४६६ | बीमा तथा नविकरण खर्च | अधिकृत छैठौं श्री राज बहादुर विष्ट | २२२१४ | ० | १५०००० | १५०००० |
| ६ | २०८०/०१/०३ | ४६६ | बीमा तथा नविकरण खर्च | अधिकृत छैठौं श्री राज बहादुर विष्ट | २२२१४ | ० | १००००० | १००००० |
| ७ | २०८०/०३/०५ | ६१३ | बीमा तथा नविकरण खर्च | अधिकृत छैठौं श्री राज बहादुर विष्ट | २२२१४ | ० | ३००००० | ३००००० |
| ठेकेदार | | | | | | | | |
| १ | २०७९/११/१० | ३७ | सडक आरसीसी गर्ने कार्य | श्री चन्द्र सेखर डिजाइन एण्ड कन्ट्रक्सन प्रा.लि. | ३११५१ | ६२४००० | ० | ६२४००० |
| २ | २०८०/०२/२२ | १३६ | सडक आरसीसी गर्ने कार्य | श्री नेपाल आदर्श निर्माण सेवा | ३११५१ | ८५०००० | ० | ८५०००० |
| ३ | २०८०/०२/३१ | १४५ | सडक आरसीसी गर्ने कार्य | श्री नेपाल आदर्श निर्माण सेवा | ३११५१ | ० | ६४०००० | ६४०००० |
| ४ | २०८०/०३/१७ | ४९ | सडक कालोपत्रे बनाउने कार्य | श्री क्रिश निर्माण सेवा | ३११५१ | ० | २८९००० | २८९००० |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | | | | | | | |
| १ | २०८०/०१/२६ | १ | निर्माण कार्य | श्री बंगलामुखी-बैजनाथ निर्माण जे.भी. | ३१११२ | ० | १५००००० | १५००००० |
| अन्तर्गत निकाय | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०८०/०३/२४ | ६१ | विद्यालय कक्षा कोठा निर्माण | श्री रौलेश्वर मा.वि. | ३११ १२ | ४९२२६ ७ | ० | ४९२२६७ |

पालिकाले गत विगतको बाँकी पेश्की सार्वजनिक खरिद नियमावली,२०६४ को प्रक्रिया पुरा गरी नियमानुसार फस्योंट गर्नुपर्दछ ।

| | |
|---|---|
| पेश्की | १,६६,४३,९१९ |

२४ **सोझै खरिद**

२४. **कोटेशनको कार्य** -सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १०
१ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.०० प्रतिशत देखि १.१६ प्रतिशत सम्म मात्र घटेको देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १३ देखि ३७ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| १४।२०७९।९।२१ | योजना सम्बन्धि औजार खरिद | ५९८२४८ | ५९८२०० | ०।०० |
| १९।२०७९।९।२६ | वडाका बिभिन्न सडक निमार्ण | ९७७६८२ | ९७५१८८ | ०।१७ |
| ११६।२०८०।२।७ | झिलमिया सिचाई घरदेखि चवन्नी बजार जाने सडक निर्माण | ८५०८३३ | ८४०९१२ | १।१६ |
| १२४।२०८०।२।११ | सिदनाथ मा बि नजिक नाला निर्माण | ६४६५९६ | ६३७१९४ | ०।९९ |

२४. **लागत अनुमान-** सार्वजनिक खरिद ऐनको दफा ५को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम
२ लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०७९।८०मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कोटेशनका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ ।

यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य नियमसंगत हो भन्न सकिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको ब्यवस्था पालना गर्नु पर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर न | समानको नाम | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ३२।२०७९।११।२ | फनिचर्स तथा फिक्चर्स खरिद | प्रियका फनिचर उधोग | ३३९२०२।०० |
| ४०।२०७९।११।११ | वडा कार्यालय ल्यापटप खरिद | हाईटेक कम्प्युटर | ३८००००।० |
| ४१।२०७९।११।११ | सरस्वती आ बि फनिचर निर्माण | | २५००००।०० |
| ७६।२०८०।१।१० | सरस्वती जनता मा बि साउण्ड सिस्टम जडान | | ४९९७१९।०० |

२४.३ **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै व्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक टुक्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेको देखिन्छ । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक बिभिन्न पार्टीसंग पुजिगत शिर्षकबाट खरिद गरेको रु.८९,४१,९६६।०० नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्न छन्:

| भौचर नं. | योजना तथा कार्यक्रमको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|
| ९५।२०८०।१।२८ | हयुमपाइप खरिद | बैजनाथ कंकिट उधोग | ४९६८६१।०० |
| १०२।२०८०।२।२ | हयुम पाप खरिद | मालिकार्जुन हयुमपाइ कंक्रिड उधोग | ९६७३८७।०० |
| १२४।२०८०।२।११ | सडक नाला निर्माण | डागेश्वरी निर्माण सेवा | ६३७१९४।०० |
| ६६।२०७९।१२।२८ | गा पा कम्पाउण् वाल निर्माण | जय लक्ष्मी बिल्ड्रस | ६७४९४५।०० |
| २०३।२०८०।३।२४ | नाथ चौराह सडक निर्माण | क्रिष निर्माण सेवा | ५३३४७०।०० |

२५ **फछ्र्यौट हुन नसकेकोले आन्तरिक लेखापरीक्षणको व्यहोरा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ ।यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ।

२५.१

<table>
<tr><th>क्र.सं</th><th>बेरूजुको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>भत्ता भुक्तानि- सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ संग सम्बन्धित अनुसूचि१(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुबिधा लिन नपाईने व्यवस्था छ । बेलडाँडी गाउँपालिकाको अनुगमन तथा सपरिवेक्षण समिति कार्यसंचालन कार्यविधि,२०७८ को दफा ११ अनुसार अनुगमन तथा सुपरीवेक्षण कार्यमा संगलग्न रहने पदाधिकारीको भत्ता तथा अन्य सुबिधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिका भित्र तथा पालिका कार्यालय परिसरमा अनुगमन गरेवापत पालिकाका कर्मचारीलाई पनि कुनै सुविधा उपलब्ध गराउनु हुदैन । तसर्थ पालिका परिसरमा संचालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं</th><th>कार्यक्रम</th><th>बापत</th><th>पदाधिकारी /कर्मचारी</th><th>भुक्तानि रकम</th><th>करकट्टी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td rowspan="4">२५७ / गा.पा चालु</td><td>न्यायीक जनचेतनामुलक कार्यक्रम</td><td>अनुगमन/सुपरिवेक्षण</td><td>पदम राज जोशी</td><td>५०००</td><td>७५०</td><td>४२५०</td></tr>
<tr><td>न्यायीक जनचेतनामुलक कार्यक्रम</td><td>अनुगमन/सुपरिवेक्षण</td><td>शान्ती नाथ</td><td>५०००</td><td>७५०</td><td>४२५०</td></tr>
<tr><td>न्यायीक जनचेतनामुलक कार्यक्रम</td><td>अनुगमन/सुपरिवेक्षण</td><td>गज बहादुर बिष्ट</td><td>५०००</td><td>७५०</td><td>४२५०</td></tr>
<tr><td>न्यायीकजनचेतनामुलक कार्यक्रम</td><td>अनुगमन/सुपरिवेक्षण</td><td>केशब दत्त जोशी</td><td>५०००</td><td>७५०</td><td>४२५०</td></tr>
</table>
</td><td>२१२५०</td></tr>
<tr><td>२</td><td>भौ.नं. २५७ मिति २०७९।१०।१६ बेलडाँडी गपाको कार्यसंचालन निर्देशिका,२०७८ को परिच्छेद-७ मा तालिम/गोष्ठि/सेमिनार संचालनमा सयोजक भत्ता प्रतिदिन एक हजार मात्र दिने। साथै सहसंयोजकको व्यवस्था नभएको स्पष्ट उल्लेख भएको तर न्यायीक जनचेतनामुलक कार्यक्रमका</td><td>२८०५०</td></tr>
</table>

संयोजक प्रतिदिन दुई हजारका दरले र सहसंयोजकले रु पन्ध्र सय भुक्तानी लिएको हुनाले बढी भुक्तानी र निर्देशिका विपरितको भुक्तानी असुल गर्नुपर्ने रु

| नाम/थर | कार्यक्रम | बापत | भुक्तानि हुनुपर्ने | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| दिपक बहादुर बिष्ट | ५ दिने न्यायीक जनचेतनामुलक कार्यक्रम | संयोजक | ५००० | १०००० | १५०० | ८५०० | ४२५० |
| दिल ब. खड्का | ५ दिने न्यायीक जनचेतनामुलक कार्यक्रम | सहसंयोजक | ० | ७५०० | ११२५ | ६३७५ | ६३७५ |

बेलडाँडी गपाको कार्यसंचालन निर्देशिका,२०७८ को परिच्छेद-७ मा तालिम/गोष्ठि/सेमिनार संचालनमा कसैले पनि दोहोरो सुविधा लिन पाउनेछैनन् उल्लेख भएकोले एकै व्यक्तिले दोहोरो सुविधाको भुक्तानी लिएको दोहोरो भुक्तानी असुल गर्नुपर्ने रु

| नाम/थर | कार्यक्रम | बापत | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानि रकम |
|---|---|---|---|---|---|
| दिपक बहादुर बिष्ट | ५ दिने न्यायीक जनचेतनामुलक कार्यक्रम | संयोजक | १०००० | १५०० | ८५०० |
| | | प्रशिक्षक | २०००० | ३००० | १७००० |
| | | प्रतिबेदक | ३००० | ४५० | २५५० |

३ भौ.नं. ३२८ मिति २०७९।११।१० सुदूपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ संग सम्बन्धित अनुसूचि१(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुबिधा लिन नपाईने व्यवस्था छ । बेलडाँडी गाउँपालिकाको अनुगमन तथा सपरिवेक्षण समिति कार्यसंचालन कार्यविधि,२०७८ को दफा ११ अनुसार अनुगमन तथा सुपरीवेक्षण कार्यमा संगलग्न रहने पदाधिकारीको भत्ता तथा अन्य सुबिधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिका भित्र तथा पालिका कार्यालय परिसरमा अनुगमन गरेवापत पालिकाका कर्मचारीलाई पनि कुनै सुविधा उपलब्ध गराउनु हुदैन । तसर्थ पालिका परिसरमा संचालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु. २५५०० 

| भौ.नं | कार्यक्रम | बापत | पदाधिकारी/कर्मचारी | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३२८/ | सहकारी लेखा | अनुगमन/सुपरिवेक्षण | पदम राज जोशी | ५००० | ७५० | ४२५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गा.पा चालु | व्यवस्थापन तालिम | | | | | |
| | सहकारी लेखा व्यवस्थापन तालिम | अनुगमन/सुपरिवेक्षण | शान्ती नाथ | ५००० | ७५० | ४२५० |
| | सहकारी लेखा व्यवस्थापन तालिम | अनुगमन/सुपरिवेक्षण | ईन्द्र ब खड्का | ५००० | ७५० | ४२५० |

बेलडाँडी गपाको कार्यसंचालन निर्देशिका,२०७८ को परिच्छेद-७ मा तालिम/गोष्ठि/सेमिनार संचालनमा सयोजक भत्ता प्रतिदिन एक हजार मात्र दिने। साथै सहसंयोजकको व्यवस्था नभएको स्पष्ट उल्लेख भएको तर सहकारी लेखा व्यवस्थापन तालिम संयोजकले प्रतिदिन दुई हजारका दरले सहसंयोजकले रु हजार प्रतिदिनभुक्तानी लिएको हुनाले निर्देशिका विपरितको भुक्तानी असुल गर्नुपर्ने रु

| नाम/थर | कार्यक्रम | बापत | भुक्तानि हुनुपर्ने | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| दिपक बहादुर बिष्ट | ५ दिने सहकारी लेखा व्यवस्थापन तालिम | संयोजक | ५००० | १०००० | १५०० | ८५०० | ४२५० |
| पुरुषोत्तम जोशी | ५ दिने सहकारी लेखा व्यवस्थापन तालिम | सहसंयोजक | ० | ५००० | ७५० | ४२५० | ४२५० |

| | | |
|---|---|---|
| ४ | भौ.नं. ३२९ मिति २०७९।११।१० सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ संग सम्बन्धित अनुसूचि१(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुबिधा लिन नपाईने व्यवस्था छ । बेलडाँडी गाउँपालिकाको अनुगमन तथा सपरिवेक्षण समिति कार्यसंचालन कार्यविधि,२०७८ को दफा ११ अनुसार अनुगमन तथा सुपरीवेक्षण कार्यमा संगलग्न रहने पदाधिकारीको भत्ता तथा अन्य सुबिधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिका भित्र तथा पालिका कार्यालय परिसरमा अनुगमन गरेवापत पालिकाका कर्मचारीलाई पनि कुनै सुविधा उपलब्ध गराउनु हुदैन । तसर्थ पालिका परिसरमा संचालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु. | ४२५०० |

| भौ.नं | कार्यक्रम | बापत | पदाधिकारी/ कर्मचारी | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३२८/ गा.पा चालु | सहकारी व्यवस्थापन तालिम | अनुगमन/सुपरिवेक्षण | पदम राज जोशी | ५००० | ७५० | ४२५० |
| | सहकारी व्यवस्थापन तालिम | अनुगमन/सुपरिवेक्षण | शान्ती नाथ | ५००० | ७५० | ४२५० |
| | सहकारी व्यवस्थापन तालिम | अनुगमन/सुपरिवेक्षण | ईन्द्र व खड्का | ५००० | ७५० | ४२५० |

बेलडाँडी गपाको कार्यसंचालन निर्देशिका,२०७८ को परिच्छेद-७ मा तालिम/गोष्ठि/सेमिनार संचालनमा सयोजक भत्ता प्रतिदिन एक हजार मात्र दिने। साथै सहसंयोजकको व्यवस्था नभएको स्पष्ट उल्लेख भएको तर दिने सहकारी व्यवस्थापन तालिम संयोजक प्रतिदिन दुई हजारका दरले र सहसंयोजकले एक हजार भुक्तानी लिएको हुनाले बढी भुक्तानी र निर्देशिका विपरितको भुक्तानी असुल गर्नुपर्ने रु

| नाम/थर | कार्यक्रम | बापत | भुक्तानि हुनुपर्ने | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| दिपक बहादुर बिष्ट | ५ दिने सहकारी व्यवस्थापन तालिम | संयोजक | ५००० | १०००० | १५०० | ८५०० | ४२५० |
| पुरुषोत्तम जोशी | ५ दिने सहकारी व्यवस्थापन तालिम | सहसंयोजक | ० | ५००० | ७५० | ४२५० | ४२५० |

बेलडाँडी गपाको कार्यसंचालन निर्देशिका,२०७८ को परिच्छेद-७ मा तालिम/गोष्ठि/सेमिनार संचालनमा प्रशिक्षक तथा कार्यपत्र प्रस्तुतकर्ताले दैनिक दुई सेसनको भुक्तानी लिन सक्नेछन उल्लेख भएको हुनाले ५ दिने सहकारी व्यवस्थापन तालिममा प्रशिक्षक वसन्त भट्टले २० सेसनको भुक्तानि भएको हुदा निर्देशका विपरित बढी भुक्तानि भएको रकम निजबाट असुल गर्नुपर्न रु

| नाम/थर | कार्यक्रम | बापत | भुक्तानि हुनुपर्ने | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बसन्त भट्ट | ५ दिने सहकारी व्यवस्थापन तालिम | प्रशिक्षक | २०००० | ४०००० | ६००० | ३४००० | १७००० |

५

भौ.नं. ४२६ मिति २०७९।१२।१५ सुदूपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ संग सम्बन्धित अनुसूचि१(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुबिधा लिन नपाईने व्यवस्था छ । बेलडाँडी गाउँपालिकाको अनुगमन तथा सपरिवेक्षण समिति कार्यसंचालन कार्यविधि,२०७८ को दफा ११ अनुसार अनुगमन तथा सुपरीवेक्षण कार्यमा संगलग्न रहने पदाधिकारीको भत्ता तथा अन्य सुबिधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिका भित्र तथा पालिका कार्यालय परिसरमा अनुगमन गरेवापत पालिकाका कर्मचारीलाई पनि कुनै सुविधा उपलब्ध गराउनु हुदैन । तसर्थ पालिका परिसरमा संचालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु. ३१८७५

| भौ.नं | कार्यक्रम | बापत | पदाधिकारी/कर्मचारी | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४२६/गा.पा चालु | न्यायीक अधिकार तालिम | अनुगमन/सुपरिवेक्षण | पदम राज जोशी | ५००० | ७५० | ४२५० |
| | न्यायीक अधिकार तालिम | अनुगमन/सुपरिवेक्षण | शान्ती नाथ | ५००० | ७५० | ४२५० |
| | न्यायीक अधिकार तालिम | अनुगमन/सुपरिवेक्षण | गज बहादुर बिष्ट | ५००० | ७५० | ४२५० |
| | न्यायीक अधिकार तालिम | अनुगमन/सुपरिवेक्षण | केशब दत्त जोशी | ५००० | ७५० | ४२५० |

बेलडाँडी गपाको कार्यसंचालन निर्देशिका,२०७८ को परिच्छेद-७ मा तालिम/गोष्ठि/सेमिनार संचालनमा सयोजक भत्ता प्रतिदिन एक हजार मात्र दिने। साथै सहसंयोजकको व्यवस्था नभएको स्पष्ट उल्लेख भएको तर न्यायीक अधिकार तालिम संयोजक प्रतिदिन दुई हजारका दरले र सहसंयोजकले रु पन्ध्र सय भुक्तानी लिएको हुनाले बढी भुक्तानी र निर्देशिका विपरितको भुक्तानी असुल गर्नुपर्ने रु

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><th>नाम/थर</th><th>कार्यक्रम</th><th>बापत</th><th>भुक्तानि हुनुपर्ने</th><th>भुक्तानि रकम</th><th>करकट्टी</th><th>खुद भुक्तानी</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>दिपक बहादुर बिष्ट</td><td>५ दिने न्यायीक अधिकार तालिम</td><td>संयोजक</td><td>५०००</td><td>१००००</td><td>१५००</td><td>८५००</td><td>४२५०</td></tr>
<tr><td>दिल ब. खड्का</td><td>५ दिने न्यायीक अधिकार तालिम</td><td>सहसंयोजक</td><td>०</td><td>७५००</td><td>११२५</td><td>६३७५</td><td>६३७५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६</td>
<td>
भौ.नं. ६१८ मिति २०८०।०३।०७ सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ संग सम्बन्धित अनुसूचि१(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाईने व्यवस्था छ । बेलडाँडी गाउँपालिकाको अनुगमन तथा सपरिवेक्षण समिति कार्यसंचालन कार्यविधि,२०७८ को दफा ११ अनुसार अनुगमन तथा सुपरीवेक्षण कार्यमा संगलग्न रहने पदाधिकारीको भत्ता तथा अन्य सुबिधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिका भित्र तथा पालिका कार्यालय परिसरमा अनुगमन गरेवापत पालिकाका कर्मचारीलाई पनि कुनै सुविधा उपलब्ध गराउनु हुदैन । तसर्थ पालिका परिसरमा संचालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं</th><th>कार्यक्रम</th><th>बापत</th><th>पदाधिकारी/कर्मचारी</th><th>भुक्तानि रकम</th><th>करकट्टी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td rowspan="2">६१८/गा.पा चालु</td><td>३ दिने भल्मन्सा तथा बडघर सम्बन्धि न्यायिक तालिम</td><td>अनुगमन/सुपरिवेक्षण</td><td>पदम राज जोशी</td><td>३०००</td><td>४५०</td><td>२५५०</td></tr>
<tr><td>३ दिने भल्मन्सा तथा बडघर सम्बन्धि</td><td>अनुगमन/सुपरिवेक्षण</td><td>शान्ती नाथ</td><td>३०००</td><td>४५०</td><td>२५५०</td></tr>
</table>
</td>
<td>१६५७५</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | न्यायिक तालिम | | | | | |
| | ३ दिने भल्मन्सा तथा बडघर सम्बन्धि न्यायिक तालिम | अनुगमन/सुपरिवेक्षण | गज बहादुर बिष्ट | ३००० | ४५० | २५५० |
| | ३ दिने भल्मन्सा तथा बडघर सम्बन्धि न्यायिक तालिम | अनुगमन/सुपरिवेक्षण | केशब दत्त जोशी | ३००० | ४५० | २५५० |

बेलडाँडी गपाको कार्यसंचालन निर्देशिका,२०७८ को परिच्छेद-७ मा तालिम/गोष्ठि/सेमिनार संचालनमा सयोजक भत्ता प्रतिदिन एक हजार मात्र दिने। साथै सहसंयोजकको व्यवस्था नभएको स्पष्ट उल्लेख भएको तर दिने भल्मन्सा तथा बडघर सम्बन्धि न्यायिक तालिम संयोजक प्रतिदिन प्रन्ध्र सय दरले र सहसंयोजकले रु हजार भुक्तानी लिएको हुनाले बढी भुक्तानी र निर्देशिका विपरितको भुक्तानी असुल गर्नुपर्ने रु

| नाम/थर | कार्यक्रम | बापत | भुक्तानि हुनुपर्ने | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| दिपक बहादुर बिष्ट | ३ दिने भल्मन्सा तथा बडघर सम्बन्धि न्यायिक तालिम | संयोजक | ३००० | ४५०० | ६७५ | ३८२५ | १२७५ |
| दिल ब. खड्का | ३ दिने भल्मन्सा तथा बडघर | सहसंयोजक | ० | ३००० | ४५० | २५५० | २५५० |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td></td><td>सम्बन्धि न्यायिक तालिम</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>७</td>
<td>भौ.नं. २९४ मिति २०७९।१०।२४ सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ संग सम्बन्धित अनुसूचि१(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुबिधा लिन नपाईने व्यवस्था छ । बेलडाँडी गाउँपालिकाको अनुगमन तथा सपरिवेक्षण समिति कार्यसंचालन कार्यविधि,२०७८ को दफा ११ अनुसार अनुगमन तथा सुपरीवेक्षण कार्यमा संगलग्न रहने पदाधिकारीको भत्ता तथा अन्य सुबिधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिका भित्र तथा पालिका कार्यालय परिसरमा अनुगमन गरेवापत पालिकाका कर्मचारीलाई पनि कुनै सुविधा उपलब्ध गराउनु हुदैन । तसर्थ पालिका परिसरमा संचालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं</th><th>कार्यक्रम</th><th>बापत</th><th>पदाधिकारी/कर्मचारी</th><th>भुक्तानि रकम</th><th>करक ट्टी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td rowspan="2">२९४/गा.पा चालु</td><td>५ दिने सरसफाई तथा फोहर मैला व्यवस्थापन सम्बन्धि कार्यक्रम तालिम</td><td>अनुगमन/सुपरिवेक्षण</td><td>पदम राज जोशी</td><td>५०००</td><td>७५०</td><td>४२५०</td></tr>
<tr><td>५ दिने सरसफाई तथा फोहर मैला व्यवस्थापन सम्बन्धि कार्यक्रम</td><td>अनुगमन/सुपरिवेक्षण</td><td>शान्ती नाथ</td><td>५०००</td><td>७५०</td><td>४२५०</td></tr>
</table>
</td>
<td>१२७५०</td>
</tr>
<tr>
<td>८</td>
<td>सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ संग सम्बन्धित अनुसूचि१(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुबिधा लिन नपाईने व्यवस्था छ । बेलडाँडी गाउँपालिकाको अनुगमन तथा सपरिवेक्षण समिति कार्यसंचालन कार्यविधि,२०७८ को दफा ११ अनुसार अनुगमन तथा सुपरीवेक्षण कार्यमा संगलग्न रहने</td>
<td>३८२५०</td>
</tr>
</table>

पदाधिकारीको भत्ता तथा अन्य सुबिधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिका भित्र तथा पालिका कार्यालय परिसरमा अनुगमन गरेवापत पालिकाका कर्मचारीलाई पनि कुनै सुविधा उपलब्ध गराउनु हुदैन । तसर्थ पालिका परिसरमा संचालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु.

| भौ.नं | कार्यक्रम | बापत | पदाधिकारी/कर्मचारी | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी | |
|---|---|---|---|---|---|---|---|
| ३१३ / गा.पा चालु | ५ दिने वातावरण संरक्षण सम्बन्धि कार्यक्रम | अनुगमन/सुपरिवेक्षण | पदम राज जोशी | ५००० | ७५० | ४२५० | |
| | ५ दिने वातावरण संरक्षण सम्बन्धि कार्यक्रम | अनुगमन/सुपरिवेक्षण | शान्ती नाथ | ५००० | ७५० | ४२५० | |

| भौ.नं | कार्यक्रम | बापत | पदाधिकारी/कर्मचारी | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी | |
|---|---|---|---|---|---|---|---|
| ४०७ / गा.पा चालु | ५ दिने विपद व्यवस्थापन सम्बन्धि कार्यक्रम | अनुगमन/सुपरिवेक्षण | पदम राज जोशी | ५००० | ७५० | ४२५० | |
| | ५ दिने विपद व्यवस्थापन सम्बन्धि कार्यक्रम | अनुगमन/सुपरिवेक्षण | शान्ती नाथ | ५००० | ७५० | ४२५० | |

| भौ.नं | कार्यक्रम | बापत | पदाधिकारी/कर्मचारी | भुक्तानि रकम | करकट्टी | खुद भुक्तानी | |
|---|---|---|---|---|---|---|---|
| ५४४/ गा.पा चालु | ५ दिने वनजंगल संरक्षण र व्यवस्थापन सम्बन्धि कार्यक्रम | अनुगमन/सुपरिवेक्षण | पदम राज जोशी | ५००० | ७५० | ४२५० | |
| | ५ दिने वनजंगल संरक्षण र व्यवस्थापन सम्बन्धि कार्यक्रम | अनुगमन/सुपरिवेक्षण | शान्ती नाथ | ५००० | ७५० | ४२५० | |
| | | | | | | | |

९ **ढिला राजश्व दाखिला-** — ६५५२८

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यट्ठास्थानमा दाखिला नगरेको देखिन आएमा सम्वन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाकि रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेको भए १० प्रतिशका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाको वडा नं २ बाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखेकोले उक्त रकममा व्याज समेत असुल गर्नुपर्ने रु

| वडा नं | वडा सचिव | आमदानी मिति | दाखिला मिति | रकम | जरिवाना |
|---|---|---|---|---|---|
| २ | कमला बडाल | वर्ष भरिको | २०८०/०३/३१ | ६५५२८५ | ६५५२८ |

**जम्मा** — २,४५,७२८।

| असुल गर्नुपर्ने | २,४५,७२८ |
|---|---|

२५.२ **भुक्तानी दिन बाँकीको विवरण-** आर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण म.ले.प.फा.नं.२२१ प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ। आ.व. २०७९।८० को ६८ वटा कार्यक्रमहरूमा रू.५०२३१०००। भुक्तानी दिन बाँकी रहेको विवरण प्राप्त भएको छ।

२६ **जरिवाना - विद्युत महशुल (पालिका चालु)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि विद्युत्त मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू. ७८,९६८। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| **क स** | **भौन र मिति** | **विद्युत्त महशुल** | **जरिवाना** |
|---|---|---|---|
| १ | १३८-२०७९।०९।०४ | ७३२६५। | १८३१६। |
| २ | ४०८-२०७९।१२।०६ | १७४७२। | ४३६८। |
| ३ | ४११-२०७९।१२।०९ | २२५१४२। | ५६२८४। |
| **जम्मा** | | | **७८,९६८।** |

| अनियमित भएको | ७८,९६८ |
|---|---|

२७ **छाडा चौपाया व्यवस्थापन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया ब्यवस्थापन कार्यक्रममा ४ जना हेरालुको पारिश्रमिक पशु चौपायाको लागि पराल खरिद, ढुवानी लगायतमा बार्षिक रू.७,५०,०००। किसान मध्यवर्ति सामुदायिक वन उपभोत्ता समुहलाई भुक्तानी गरेको छ। यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रूपमा बिनियोजन गरिएको रकम स्वच्छिक रूपमा ज्याला,औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ। उक्त काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन। कर्मचारी नै राखि काञ्जि हाउस ब्यवस्थापन गरेको भनि खर्च लेखेकोमा त्यहाँबाट संकलित पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन। अत

२८ **ईन्धन खर्च**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरि मितव्यिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि कुल जम्मा रू.३४,००,२७५। ईन्धन बापत खर्च भएको पाईयो। कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक, कार्यविवरण माइल मिटर, सवारी साधन नं. आंशिक रूपमा मात्र खुलाएर अभिलेख राखेकोले ईन्धन खर्च कार्यालय प्रयोजन र पदाधिकारीका लागि मात्र भएको भनी एकिन गर्न सकिएन।

२९ **मर्मत खर्च** (७५७-२०८०-३-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने ब्यवस्था रहेको छ। कार्यालयले सवारी साधन मर्मतमा रू.२१,७८,७७७। खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन। नियमावलीको ब्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिला नगरेकोले खर्चको बास्तविकता यकिन गर्न सकिएन। केही उदारहण निम्नाअनुसार छन्।

| क्र.स. | भौ.नं. र मिति | फर्मको नाम | गाडी नं. | रकम |
|---|---|---|---|---|
| १ | ९४ ९४-२०७९।०८।२० | भट्ट मोटर्स पार्टस | म १ झ १०२ | ३०७६६१। |
| २ | ९९-२०७९।०८।२१ | दुदिर दर्शन अटो मोटर्स | से १ झ २४४ | १६३९८७। |
| ३ | १२४-२०७९।०८।२७ | न्यु सफल ट्रेड एण्ड सप्लायर्स | सु.प.प्र.०१००१ ग १४७ | २२०४७३। |
| **जम्मा** | | | | ६,९२,१२१। |

३० **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र को.ले.नि.का. को सुचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नुपर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा बापत रू.५,५०,०००। भुक्तानी गरेको पाईयो। घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ।

३१ **लागत अनुमान वेगर कार्यालय सामान खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा १ लाख रूपैयाँ भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्न खरिद कार्यमा लागत अनुमान तयार नगरि खरिद गरेको छ। लागत अनुमान तयार गरि खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.सं. | भौ.नं. र मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ४०-२०७९।०६।३० | बिजि ग्रुफ ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामान खरिद | ३५४९७५। |
| २ | ६४-२०७९।०७।२१ | अनुराग स्टेशनरी एण्ड सप्लायर्स | स्टेशनरी सामान खरिद | ५२०६५८। |
| | जम्मा | | | ८,७५,६३३। |

३२ **वितरण भरपाई** (७३-२०७९-७-२४):

भौ.नं. ७३ र मिति २०७९।०७।।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। गौरा पर्वको अवसरमा आयोजित खुला फुटवल प्रतियोगिता २०७९ अन्तर्गत रू.१०२५०। को ट्रफि सेट र रू.६०००। को ३ वटा फुटवल खरिद गरेकोमा वितरण भरपाई नभएकोले भरपाई पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,२५० |

३३ **प्रसारण प्रमाणपत्र नभएको**

भौ.नं. ११९ मिति २०७९।०८।२७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।रेडियो सुदुर सञ्चार लाई जनचेतनामुलक सुचना प्रकाशन गर्दा रू.५०,०००। भुक्तानी भएकोमा प्रशारण कार्यतालिका सहितको प्रसारण प्रमाणपत्र पेश नभएको पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

३४ **जरिवाना - विमा नविकरण (पालिका चालु)**

१७. जरिवाना - विमा नविकरण (पालिका चालु) -भौ.नं. ३१८ मिति २०७९।११।०२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न भौ.नं. र मितिवाट सवारी साधनको विमा

नविकरण,दर्ता, नामसारि ढिलो गरेकोले जरिवाना स्वरूप रू.। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३२,७८० |

३५ **सञ्चार महशुल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले भुक्तानी गरेको निम्न रकमको भरपाई पेश नभएको भरपाई पेश गर्नुपर्ने रू.

| क्र.सं. | भौ.नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३७३-२०७९।११।१६ | एन.वि. ट्रेडिङ communication center वाट रिचार्ड कार्ड खरिद गरि रकम भुक्तानी | ५८५००। | भुक्तानी भएको सञ्चार रकम क-कसले प्राप्त गरेको हो सोको भरपाई पेश गर्नुपर्ने। |
| २ | ७४२-२०८०।०३।२१ | एन. वि. ट्रेडिङ communication सेन्टर वाट रिचार्ड कार्ड खरिद गरि रकम भुक्तानी | ७७५००। | |
| | जम्मा | | १३६०००। | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३६,००० |

३६ **मोबाइल तथा साइकल वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम मोबाइल तथा साइकल वितरणको कार्यक्रम राखि मोबाइल र साइकल खरिद गरि वितरण गरेको छ । यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्ध के हुने जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| क्र.सं. | भौ.नं. र मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ७४७-२०८०।०३।२२ | महिला स्वास्थ्य स्वयमसेविकालाई युनिक मोबाइल सेन्टर वाट १३ वटा मोवाईल खरिद गरि वितरण | १९२४११। | वडा नं. १ को कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| २ | ७५१-२०८०।०३।२२ | नेगी साईकल स्टोर बाट १२ थान साइकल खरिद गरि महिला स्वास्थ्य स्वयमसेविकालाई वितरण | ११५२६०। | वडा नं. २ को कार्यक्रम |
| | जम्मा | | ३०७६७१। | |

३७ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आप्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। गाउँपालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **क्र.स. क्र.स.** | **भौ.नं. /मिति** | **विवरण** | **भुक्तानीरकम** |
|---|---|---|---|
| २२२२ १ | २०-२०७९।०६।१२ | ईलाका प्रहरी कार्यालय,बेलडाँडी | ९७८५८ |
| ३ २ | ६०-२०७९।०७।१८ | बोर्डर आउट पोष्ट झिलमिला | २५५०० |
| ३ | ७४-२०७९।०७।२४ | प्रहरी चौकि झिलमिला | ३०००० |
| **जम्मा** | | | **१,५३,३५८** |

३८ **भ्रमण खर्च**

सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ कमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू.२२,६८,७९५। खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छनः

- अधिकाशं भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनुश्चित हुने विश्वसनीय आधार नदेखीएको,

- भ्रमण प्रश्चात तोकिएको ढाचाँमा भ्रमण प्रतिवेदन पेश नगरी भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,

- भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको,

अतः तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने ब्यवस्था हुनुपर्दछ।

३९ **सोझै खरिद (पालिका चालु)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्प्रर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने ब्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रू.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. १० लाख भन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। ऐनको व्यवस्था बिपरित यस वर्ष कार्यालयबाट प्रतिस्प्रर्धा बेगर मालसामान तथा सर्जिकल सामाग्री रू.१२,६७,१९२। को सोझै खरिद गरेको पाइयो।प्रतिष्प्रर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

| क्र.स. | भौ.नं.र मिति | आपुर्तिकर्ताको नाम | विवरण | भुक्तानी रकम रू. |
|---|---|---|---|---|
| १ | ४०-२०७९।०६।३० | बि.जि. ग्रुफ ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामान | ३५४९७५। |
| २ | ६४-२०७९।०७।२१ | अनुराग स्टेशनरी एण्ड सप्लायर्स | स्टेशनरी सामान | ५२०६५८। |
| ३ | ७५८-२०८०।०३।२३ | गोपाल ब्रदर्श | स्टेशनरी सामान | ३९१५५९। |
| | जम्मा | | | १२,६७,१९२। |

४० **अनियमित भुक्तानी** (४९४-२०८०-१-२७):

अनियमित भुक्तानी -भौ.नं. ४९४ मिति २०८०।०१।२७ नेपालको संबिधान, २०७२ को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित बिषयमा निहित रहने उल्लेख छ । यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची - ८ बमोजम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ ।उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्बाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । तर पालिकाले तेस्रो अध्यक्ष रनिङ कप खेलकुद प्रतियोगिता संचालन गर्न एन.प्याब्सन शाखा बेलडाँडी लाई मिति २०८०।०१।११ को गाँउ-कार्यपालिकाको निर्णय अनुसार रू.१,००,०००। भुक्तानी भएकोले उक्त रकम अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

४१ **मुल्य अभिवृद्धि करमा दर्ता नभएकासङ्ग खरिद** (६०८-२०८०-३-४):

मुल्य अभिवृद्धि करमा दर्ता नभएकासङ्ग खरिद- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ मा रू. २० हजारभन्दा बढीको बस्तु खरिद गर्दा दर्ता भएको व्यक्ति, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले रू २० हजारभन्दा बढीको बस्तु खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएका फर्म मार्फत सामान खरिद गरेको छ।यस्तो कार्यमा सुधार हुनुपर्ने देखिन्छ।

| क्र.सं. | फर्म | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | रोशन स्वीट एण्ड फास्ट फुड | २२५००। |
| २ | न्यु कंचन रेष्टुरेन्ट एण्ड लज | २२९५०। |
| ३ | लक्ष्मी स्वीट | २४८८०। |
| ४ | युवराज होटल तथा नास्ता पसल | २३४००। |
| ५ | न्यु स्मारिका किराना पसल | २१५५०। |
| ६ | ब्रायन कम्पलेक्स | २४८००। |
| ७ | जय दुर्गे टेण्ट हाउस तथा साउण्ड सर्भिस | २४३००। |
| | जम्मा | १६४३८०। |

४२ **विद्युत्त पोल जडान नभएको** (७८२-२०८०-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।वडा नं. ३ मा गड्डा टोलमा पोल व्यवस्थापनको लागी सेती ह्युमपाईप तथा विद्युत्त पोल उद्योग प्रा.लि. बाट ८ थान ९ मि. लामो विद्युत्त पोल रू.९७,०२२। मा खरिद गरि रकम भुक्तानी भएकोमा सो विद्युत्त पोल कुन ठाँउमा जडान भए सो को विवरण पेश नभएकोले विद्युत्त पोल जडानको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,०२२ |

४३ **बिल भरपाई पेश नभएको** (७८-२०७९-७-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले विविध खर्च वाफत रू.७०,०००। भुक्तानी गरेकोमा सोको विल भरपाई पेश नभएकोले बिल भरपाई पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,००० |

४४ **ननफाईलर लाई मु.अ.कर भुक्तानी** (७६२-२०८०-३-२३):

भौ.नं. ७६२ मिति २०८०।०३।२३ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ। पालिकावाट निष्कर्ष रिसर्च सेन्टरलाई शाखा तथा कर्मचारीको कार्य विवरण प्रतिवेदन पेश वाफत रू.४५५००। मु.अ.कर रकम भुक्तानी भएकोमा भुक्तानी दिएकोमा लेखापरीक्षण अविधसम्म नन्फाईलर रहेको पाईयो। कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रू.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ४५,५०० |

४५ **बजेट तथा कार्यक्रम**

४५.१ **बजेट तथा कार्यक्रम तर्जुमा–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४५.२ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः रू हजारमा

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २८६७७ | २०७४१ | ६.८ |
| पूर्वाधार विकास क्षेत्र | १४७८६७ | ६९४२७ | २२.७६ |
| सामाजिक क्षेत्र | १५९९२३ | १३८०९० | ४५.२६ |
| संस्थागत बिकास सेवा प्रवाह र सुशासन | १२११९ | ९६२१ | ३.१५ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७९०९५ | ६७१६५ | २२.०२ |
| **जम्मा** | ४२७६८३ | ३०५०४६ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४५.२६प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनdf सबै भन्दा घटी ३.१५ प्रतिशत रहेको छ ।

४५.३ **खर्च बिश्लेषण-** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु ५३,८४,८६५।३३ राजस्व बाँडफाँड र अनुदानबाट रू ३०,९०,९५,४२२।१४ समेत रु ३१,४४,८०,२८७।४७आम्दानी भएकोमा चालु तर्फ रु २१,७५,०१,८४८।८६ र पूँजिगत तर्फ रु ९,२१,७३,५१६।०१ समेत रु ३०,९६,७५,३६४।८७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७३प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु ५०,५२,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको९३।.प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट६८.०३ प्रतिशत चालु र३१.९६, प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा

न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।

४५.४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ३५ मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | प खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेसो त्रैमासिक | चौथो त्रैमासिक | अषाढको |
| १ | चालु | २१२८७३ | ३८७४७ | ४७११० | ५४२८९ | ७२७२७ | |
| २ | पूँजिगत खर्चतर्फ | ९२१७३ | १५९५ | ८७६३ | २२२५४ | ५९५६० | |
| | | ३०५०४६ | ४०३४३ | ५५८७३ | ७६५४४ | १३२२८६ | ८७८९३ |
| | प्रतिशत | १०० | १३.२२ | १८.३१ | २५.०९ | ४३.३६ | २०.८१ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्च मध्ये चौथो त्रैमासिकमा ४३.३६प्रतिशतर अषाढमा मात्र २०.८१प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक वर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नु पर्ने देखियो ।

४५.५ **योजना र कार्यान्वयन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रू १ लाखभन्दा कमको योजना | ९ |
| २ | रु १ लाखएक देखि २ सम्मका योजना | २१ |
| ३ | रु २लाख देखि ५ लाख सम्मका योजना | २७ |

| | | |
|---|---|---|
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ७ |
| ५ | रू१० लाख देखि माथिका योजना | १२ |
| | **जम्मा** | ७६ |

४५.६ **रकमान्तर–** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाकाको बिनियोजन ऐन २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा रू १ करोड ८३ लाख ७ अर्थात कुल बजेट रू ३१ करोड ४४ लाख ८० हजारको ५.७८ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

४६ **वित्तीय बिवरण परीक्षण**

४६.१ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४६.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नु पर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नु पर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू ८८,५,२६,१०७।०० र एकिकृत स्वास्थ्य पूर्वाधारको रु.१,५०,००,०००।०० समेत गरी रू १०,३५,२६,१०७।००सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४६.३ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ४,७७,६९,६२८।६६ यस वर्षको प्राप्ति रु ४१,८०,०६,३९४।४७ वर्षको भुक्तानी रु ४१,३२,०१,४७१।८७ र बैङ्क मौज्दात रु ५,२५,७४,५५१।२६रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) | ४,७७,६९,६२८।६६ | ३१,४४,८०,७२४।२९ | ३०,९६,७५,३६४।८७ | ५,२५,७४,५५१।२६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४,७७,६९,६२८।६६ | ४१,८०,०६,३९४।४७ | ४१,३२,०१,४७१।८७ | ५,२५,७४,५५१।२६ |
| फरक | | १०,३५,२६,१०७।०० | १०,३५,२६,१०७।०० | |

४६.४ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु ४,७१,७९,२७१।२२ मौज्दात रहेकोमा यो वर्ष रु ४,७७,६९,६२८।६६जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ५,९०,३५७।४४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

४६.५ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छः

| **सि न** | **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व खातत | ००.०० | ००.०० | |
| २ | बाँडफाटबाट पाप्त राजस्व खाता | ००.०० | ००.०० | |
| ३ | आन्तरिक अनुदान खाता | ००.०० | ००.०० | |
| ४ | चालु खर्त खाता | ००.०० | ००.०० | |
| ५ | पुजिगत खर्त खाता | ००.०० | ००.०० | |
| ६ | बिबिध खर्च खाता | १२,३५,८९२।५७ | १२,३५,८९२।५७ | |
| ७ | स्थानिय तह धरौटी खाता | ३६,९९,७६८।०० | ३६,९९,७६८।०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | स्थानिय तह संचितकोष खाता | ४,६८,७२,३०७।१९ | ४,७०,७४,४७८।५१ | |
| ९ | स्थानिय तह आकस्मिक कोष खाता | २४,७७,११९।९१ | २४,७७,०९८।९१ | |
| १० | स्थिनिय तह प्रकोप व्यवस्थापन खाता | ६,८७,५९६।५० | ६,८७,५९६।५० | |
| | जम्मा | ५,४९,७२,६८३।१७ | ५,५१,७४,८३४।४९ | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

४७ **धरौटीतर्फ**

सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फितां माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन र कर चुक्ता प्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएको भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु.३०४५५१ । धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रू.

| **क्र.सं.** | **गो. भौ.न./ मिति** | **धरौटी फिर्ता पाउने** | **कैफियत** | **धरौटी फिर्ता रकम रु.** |
|---|---|---|---|---|
| १ | ३-२०७९।०७।१६ | अमृत कन्स्ट्रक्शन | कर चुक्ता प्रमाणपत्र नभएको | १६५२५४। |
| २ | ७-२०७९।०९।११ | आर.पि. कन्स्ट्रक्सन | कर चुक्ता प्रमाणपत्र नभएको | १३९२९७। |
| ३ | जम्मा | | | ३०४५५१। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०४,५५१ |

४८ **सम्पत्ति उपयोग र संरक्षण**

४८.१ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन पेस गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय

उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व. २०७९।८० को जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम विक्री गर्नुपर्ने भनी उल्लेख गरेका १ ल्यापटप, ८ प्रिन्टर लगायत १६ प्रकृतिका ९७ वटा मालसामान तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका ४ ल्यापटप, १० फोटोकपी मेशिन लगायत ४ प्रकृतिका २३ मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार लिलाम विक्रि तथा मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्था लाई चुस्त र दुरुस्त वनाउनु पर्नेमा सो गरेको देखिएन ।जिन्सी निरीक्षण प्रतिवेदनले उल्लेख गरे अनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारवाही अगाडी वढाउनु पर्ने देखिन्छ।

---

४८.२ सार्वजनिक सम्पत्तिको अभिलेख- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।

---

४८.३ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ ।

---

४८.४ जिन्सी लगत खाता- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको नदेखिएकोले प्रतिवेदन तयार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

---

## ४९ संगठन तथा कर्मचारी व्यवस्थापन

४९.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ जनाको दरबन्दी स्वीकृत रहेकोमा ३६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार सहायक पाँचौ, सब ईन्जिनियर लगायत ६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

४९.२ वडा सचिवको पदपूर्ति - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | ३ | २ |

रिक्त वडा सचिवहरूको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

४९.३ कर्मचारी करार — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । संगठन तथा व्यवस्थापन सर्भेक्षण वेगर पालिकाले विभिन्न १०२ जना कर्मचारीहरु करारमा राखि रू.८६,००,०००। खर्च लेखेको छ ।

५० **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ८८९ |
| मृत्युदर्ता | १४५ |
| बसाईसराई दर्ता | १३८ |
| विवाह दर्ता | २६९ |
| सम्बन्धविच्छेद दर्ता | ७ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ८.२४ कि.मि. |
| कालोपत्रे सडक मर्मत | २.०६२ कि.मि. |
| ग्राभेल सडक निर्माण | १४०.२१ कि.मि. |
| ग्राभेल सडक मर्मत | ५५.६७ कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ।

## ५१ कानून निर्माण तथा न्यायिक समिति तर्फ

५१.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था छ भने सोही ऐनको सोही दफाको उपदफा २ मा ऐनको अधिनमा रही कार्यापालिकाले आवश्यकतानुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । सोही ऐनको सोही दफाको उपदफा ३ बमोजिम स्थानीय तहले बनाएको कानुन स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले दिएको विवरण अनुसार हालसम्म ५ ऐन, ११ कार्यविधि, ५ निर्देशिका र २ नीति सहित जम्मा २३ कानुनहरु निर्माण भएको देखिन्छ । सो कानुनहरु मध्ये आर्थिक वर्ष २०७९।८० मा २ ऐन,५ कार्यविधि, २ निर्देशिका र १ आचारसंहिता गरी जम्मा १० कानुनहरु निर्माण भएको देखिन्छ । हालसम्म आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली र सार्वजनिक खरिद नियमावली बनेको पाइएन । निर्मित कानुनहरुको आंशिक रुपमा मात्र स्थानीय राजपत्रमा प्रकाशित भएको देखिन्छ । स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण गरी कानुनी सामञ्जस्यता र तादाम्यताका साथ प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

५१.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था रहेको छ । सोही परिच्छेदको दफा ४६ मा गाउँपालिका तथा नगरपालिकामा नेपालको संविधानको धारा २१७ बमोजिम न्यायिक समिति रहने व्यवस्था छ । त्यस्तै दफा ४७ मा न्यायिक समितिको अधिकारक्षेत्रको बारेमा व्यवस्था रहेको छ । यस पालिकाको न्यायिक समितिको लागि न्यायिक मेलमिलाप कक्षको समेत व्यवस्था गरेको पाइएन । आर्थिक वर्ष २०७९।८० मा जम्मा ४ उजुरीहरु दर्ता भएकोमा १ फछ्यौंट भई ३ बाँकी देखिन्छ । कुल प्राप्त उजुरीको तुलनामा फछ्यौंट हुन बाँकी उजुरी २५ प्रतिशत देखिन्छ । यसरी समयमा सबै उजुरीको मेलमिलाप हुन नसक्दा नागरिकमा न्याय पाएको अनुभुति हुन सक्दैन । यसर्थ, आम नागरिकको सहज पहुँच कायम गरी न्यायिक अधिकार प्राप्त गरेको अनुभूति दिलाउने गरी न्यायिक समितिको क्षमता विकास गर्नु जरुरी छ ।

५२ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,

· स्थानियसरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सिमा निर्माण समिति र बजेट था कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क)अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

· सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईए,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भउका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योजदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भउको पाईएन,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· कर्मचारीहरुको पद अनुसारको कार्य विवरण बनाई लागु गरेको पाईएन,

· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

## ५३ आर्थिक सहायता र अन्य विविध खर्च

५३.१ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रू.१४,००,०००। खर्च गरेको छ।जुन पालिकाको कुल आन्तरिक आय रू.५३,८४,८६५.६६ को २५.९९ प्रतिशत हो। यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ ।

---

५३.२ **आर्थिक सहायता-** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १०२ व्यक्तिहरुलाई रू.२,०००। देखि रू.५०,०००। सम्म जम्मा रू.८,४३,४००। आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल

आन्तरिक आय रू. ५३,८४,८६५।३३ को १५.६६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक वर्ष: २०७९।८०

कार्यालय र स्थान : बेलडाँडी गाउँपालिका, कंचनपुर ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Padam Raj Joshi | २०७८-१०-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Santosh Joshi | २०७७-४-१ | २०७९-६-९ |
| लेखा प्रमुख | दिर्घ बहादुर खड्का | २०७९-६-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,८१०,९४५ | १,३२७,४९८ | ६,१०८,८४२ | ० | ० | १६,६४३,९१९ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २६,८९१,२०४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २६,८९१,२०४ |

स्थानीय तह : बेलडाँडी गाउँपालिका, कंचनपुर

| | | | |
|---|---|---|---|
| **गत वर्षको जिम्मेवारी** | | ४७७६९६२८.६६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३७६०८५४५.८४ | **चालु खर्च** | २१७५०१८४८.८६ |
| **प्रदेश सरकारबाट अनुदान** | ११६९७९६३ | **पूँजीगत खर्च** | ९२१७३५१६.०१ |
| **राजश्व बाँडफाँट** | ५७९२४८५६.३ | **वित्तीय/अन्य व्यवस्था** | १०३५२६१०७ |
| **आन्तरिक आय** | ५३८४८६५.३३ | | |
| **अन्य आय** | १०५३९०१६४ | | |
| **कुल आय** | ४१८००६३९४.४७ | **कुल खर्च** | ४१३२०१४७१.८७ |
| **बाँकी मौज्दात** | | ५२५७४५५१.२६ | |